प.सं. प्रशासन /०७२/०७३ मिति :– २०७२।८।६
च.नं.

**विषय :– निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७२ साल कार्तिक महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**मिति २०७२।७२ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री बिष्णुदत्त गौतम ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री बिष्णुदत्त गौतम - प्रमुख/का.अ. सि.न.पा.

आमन्त्रीत

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ - ब.ई., सि.न.पा.
श्री विवेक कुमार खनाल - ब.अ., सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री - ब.अ., सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली - शाखा अधिकृत, सि.न.पा.
श्री श्रीराम गुप्ता - शा.अ. अध्यक्ष, कर्मचारी एशोसिएसन

**निर्णय नं. १ (एक)**

नेपाल सरकार र एशियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजना, परियोजना कार्यान्वयन इकाई अन्तर्गत Improvement and Development of Storm Water Drainage & Urban Road Subproject (IUDP/DR/SDN/ICB-01) अन्तर्गत मैत्रीपथ, नारायणपथ, गल्लामण्डी सडक, जनकपथ, खजहनापथ र उदयपुर सडकमा सडक तथा नाला निर्माण कार्य भई रहेकोमा तत्कालिन अवस्थामा रकम अभावका कारणले सडकको दुवै तर्फ खानेपानीको लाईन विस्तार गर्ने गरी प्रस्ताव नगरिएको तर निर्माणको लागि प्रस्तावित सडकको केन्द्र रेखा हुँदै २५ - ३० वर्ष पुरानो (नेपाल खानेपानी संस्थान, भैरहवा शाखाको पत्रानुसार) जिर्ण खानेपानी पाईप लाईन रहेको र सो पाईपलाई Relocate नगरी यथावत राख्दा नयाँ धारा जडान गर्दा र मर्मत गर्दा अब बन्ने सडक बारम्बार फोडेर मर्मत गर्नु पर्ने भै सडक दिगो नहुने अवस्था उत्पन्न हुने देखिन्छ । सडकको दुवै तर्फको किनारामा खानेपानीको लाईन विस्तार गर्नाले सडक दिगो हुने भएकोले सो कार्य गर्न अति आवश्यक देखिएकोले सो कार्यको लागि नेपाल खानेपानी संस्थान, शाखा कार्यालय, भैरहवाबाट लागत इष्टिमेट प्राप्त भए पश्चात


**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

एकीकृत शहरी विकास आयोजना, परियोजना कार्यान्वयन इकाई, सिद्धार्थनगर, रुपन्देही अन्तर्गत Design and Supervision Consultant (DSC), GOEC Nepal (P.) Ltd., New Baneshwor in JV with Technocrat Consultant, Kathmand, Nepal बाट समेत Review गरी पेश भए अनुसार सो कार्यका लागि रु. ३,३०,२६,०८८।६९ (मू.अ.कर समेत) को Variation Order-01 पेश हुन आएको छ । उक्त लागत अनुमानमा उल्लिखित दररेटमा काम गर्न Contractor को समेत सहमती रहेको भनि 9 October 2015 को पत्रद्वारा सिफारिस सहित लेखि आएकोले स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम २९ बमोजिम निर्माण कार्य संग संगै जाने हुनाले सम्झौताको समय थप नहुने गरी र कन्टीन्जेन्सी रकमबाट खर्च गर्ने गरी हाल खानेपानी लाईन विस्तारको कार्य समेत गरी हुन आउने सम्झौता रकम रु. ८२,९८,०१,७९०।५७ (मू.अ.कर समेत) को भेरिएसन आदेश स्वीकृत गर्न PCO मार्फत ADB को सहमती माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ (दुई)**

नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजना अन्तर्गत पटखौली गा.वि.स. वडा नं. ८ मा निर्माण हुन गई रहेको Landfill Site को Integrated Solid Waste Management (ISWM) Subproject (IUDP/SWM/ SDN/ICB-02) को लागि यस अघि बोलपत्र आह्वान गर्दा पर्न आएका बोलपत्रमध्ये प्राविधिक प्रस्तावमा सफल प्रस्तावदाताको आर्थिक प्रस्ताव खोली मूल्यांकन समितिमा राखी अध्ययन गर्दा सारभूत रुपमा प्रभावग्राही नदेखिएकोले सो बोलपत्र रद्द गरी पुन: बोलपत्र आह्वानको लागि PCO मार्फत ADB मा 3 August 2015 मा पठाईएकोमा PCO को 28 August 2015 को पत्रद्वारा बोलपत्र रद्द गरी पुन: बोलपत्र आह्वानको लागि सहमती प्राप्त भएको । सो कार्यका लागि चालु आ.ब.को दररेटका आधारमा सिद्धार्थनगर नगरपालिकामा नियुक्त Design and Supervision Consultant (DSC), GOEC Nepal (P.) Ltd., New Baneshwor in JV with Technocrat Consultant, Kathmand, Nepal द्वारा पेश भएको ल.ई. रकम रु. ३५,५१,७७,८०१।३७ (भ्याट, ओभरहेड, Contingencies & Provisional Sum सहित), Bid Document र Specification तयार गरी आवश्यक सहमतीको लागि PCO मार्फत ADB मा पठाईएकोमा PCO को 19 October 2015 को पत्रद्वारा सहमती प्राप्त भएकोले सो कार्यको लागि DSC द्वारा तयार गरी पेश हुन आएको Bid Document, Specification र ल.ई. रकम रु. ३५,५१,७७,८०१।३७ (भ्याट, ओभरहेड, Contingencies & Provisional Sum समेत) स्वीकृत गरी बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

**मिति २०७२।७।१८ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १(एक)**

सिद्धार्थनगर नगरपालिका कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत श्री मधुसुधन क्षेत्रीको मृत्यु भएकोले निज कार्यरत कार्यालय सहयोगी पदको दरवन्दी रिक्त हुन आएको र हाल कार्यालयमा कार्यरत कार्यालय सहयोगीको संख्या अत्यधिक भएको कारण प्रशासनिक खर्चको सिमा पालनामा समेत कठिनाई भईरहेको हुँदा उक्त दरबन्दी नगरपरिषद्बाट अनुमोदन गर्ने गरी खारेज गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ (दुई)**

सडकबोर्ड नेपालको मिति २०७२।५।२९ च.नं. २४५ को पत्रद्वारा प्राप्त स्वीकृत बार्षिक बजेटको परिधि भित्र रही सडकबोर्ड नेपालको रु ३६,९९,०००।- र सिद्धार्थनगर नगरपालिकाको रु १५,८६,०००।- गरी जम्मा रु ५२,८५,०००।- मा सिद्धार्थनगर नगरपालिका अन्तरगतका विभिन्न सडकहरु मध्येका बैंकरोड विमानघाट पथ, आवारोड(वसन्तपथ), अद्धैतपथ, कारिणीमाई पथ, देवपथ, भैरहवापथ, बसडिलवा पथ, संगम पथ, विरपथ, प्रभात पथ, मनमोहनपथ, मदन आश्रित पथ, खजहना पथ, हरिपथ, काटाँगाउँ पथ, तिनतारा पथ र



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

ज्योतीपथमा शहरी सडक मरमत कार्यको लागि तयार गरिएको बार्षिक कार्यक्रम (NCB-01-RBN-72) स्वीकृत गरि सडकबोर्ड नेपाल संग रकम निकासा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ (तिन)**

सडकबोर्ड नेपालको मिति २०७२।५।२९ च.नं. २४५ को पत्रद्धारा प्राप्त स्वीकृत बार्षिक बजेटको परिधि भित्र रही सडकबोर्ड नेपालको रु २१,००,०००।- र सिद्धार्थनगर नगरपालिकाको रु ९,००,०००।- गरी जम्मा रु ३०,००,०००।- मा सिद्धार्थनगर नगरपालिका अन्तरगतको भिमकालीपथ वार्ड नं. १२ मा शहरी सडक मरमत कार्यको लागि तयार गरिएको बार्षिक कार्यक्रम (NCB-02-RBN-72) स्वीकृत गरि सडकबोर्ड नेपाल संग रकम निकासा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ (चार)**

सडकबोर्ड नेपालको मिति २०७२।५।२९ च.नं. २४५ को पत्रद्धारा प्राप्त स्वीकृत बार्षिक बजेटको परिधि भित्र रही सडकबोर्ड नेपालको रु २१,००,०००।- र सिद्धार्थनगर नगरपालिकाको रु ९,००,०००।- गरी जम्मा रु ३०,००,०००।- मा सिद्धार्थनगर नगरपालिका अन्तरगतको भवानीपथ वार्ड नं ४ मा शहरी सडक मरमत कार्यको लागि तयार गरिएको बार्षिक कार्यक्रम (NCB-03-RBN-72) स्वीकृत गरि सडकबोर्ड नेपाल संग रकम निकासा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ (पाँच)**

सडकबोर्ड नेपालको मिति २०७२।५।२९ च.नं. २४५ को पत्रद्धारा प्राप्त स्वीकृत बार्षिक बजेटको परिधि भित्र रही सडकबोर्ड नेपालको रु २१,००,०००।- र सिद्धार्थनगर नगरपालिकाको रु ९,००,०००।- गरी जम्मा रु ३०,००,०००।- मा सिद्धार्थनगर नगरपालिका अन्तरगतको बाटिकापथ वार्ड नं २ मा शहरी सडक मरमत कार्यको लागि तयार गरिएको बार्षिक कार्यक्रम (NCB-04-RBN-72) स्वीकृत गरि सडकबोर्ड नेपाल संग रकम निकासा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६(छ)**

नगरपालिकाले उपलब्ध गराउने सिफारिशको सिफाशि दस्तुर नगरपरिषद्बाट रु २००।०० कायम गरिएकोमा हालको असहज परिस्थतीमा कृषि प्रयोजनको लागि इन्धन उपलब्ध गराउन सिफारिश माग भई आउने गरेकोमा यस्तो सिफारिश दिदा रु ५०।०० (पचास) मात्र सिफारिश दस्तुर लिई सम्बीधत वडा कार्यालयहरु मार्फत सिफारिश दिने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np